## गुठी तैनाथी जग्गा ठेक्कामा दिने सम्वन्धी (३० दिने) सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।१२।२३

यस संस्थानको पूर्ण स्वामित्वमा रहेको तपसिल बमोजिमको गुठी तैनाथी जग्गाहरु कृषि वा भू-वहाल प्रयोजनका लागि ५ बर्षको ठेक्कामा लिन इच्छुक व्यक्ति वा संस्थाले देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी प्रस्ताव पेश गर्न हुन यो ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | जिल्ला | गा.वि.स./न.पा | वडा नं. | कि.नं. | क्षे.फ(विगाहा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महोत्तरी | मटिहानी | ८ | ९१ | २-१४-० | |
| २ | महोत्तरी | मटिहानी | ७ | १०६ | ०-१२-४ | |
| ३ | महोत्तरी | खुट्टापिप्राढी | - | विभिन्नकित्ता | २८-०-० | |
| ४ | महोत्तरी | सा.शिवशक्तिखोर हाल गौशाला | | " | ५१-१८-० | |
| ५ | महोत्तरी | रामगोपालपुर | | " | ५०-०-० | |
| ६ | महोत्तरी | मभौरा विसनपुर | | " | ५-१-० | |
| ७ | महोत्तरी | सिमरदहीबहुअर्वा | | " | ७-१४-१२ | |
| ८ | महोत्तरी | साढा जावख | | " | २६-११-१५ | |
| ९ | धनुषा | फुलगामा | | " | १३२-०-० | |
| १० | धनुषा | कजरा रमौल | | " | ३४-१-१९ | |
| ११ | धनुषा | सपही | | " | ३०-५-० | |
| १२ | धनुषा | विन्धी | ४क | २०३ | ०-८-४ | |
| १३ | धनुषा | विन्धी | ४क | २३१ | ०-६-१४ | |
| १४ | धनुषा | विन्धी | ४क | ४५६ | ०-१३-१०-० | |
| १५ | धनुषा | नगराइन | | विभिन्नकित्ता | २-१०-७-५ | |
| १६ | धनुषा | उमाप्रेमपुर | | " | २०-१५-१ | |
| १७ | धनुषा | उमाप्रेमपुर | ९क | २४२ | १-३-६ | |
| १८ | धनुषा | जनकपुर | ८ | ४४ | ०-८-४-२ | |

**शर्तहरु :**

१. सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र फारम रु. १०००।-( (एक हजार) मात्र नगद (फिर्ता नहुने) बुझाई सम्बन्धित कार्यालयबाट बोलपत्र फाराम कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ । अलग अलग गा.वि.स.मा रहेको जग्गाको छुट्टा छुट्टै बोलपत्र फाराम पेश गर्नु पर्नेछ । आफुले लिन चाहेको जग्गाको कित्ता र क्षे.फ उल्लेख गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

२. आफूले सकार गरेको कबुल अंकको ५% ले हुन आउने रकम गुठी संस्थान शाखा कार्यालय महोत्तरीको रा.वा.बैंक जलेश्वरमा रहेको खाता नं. १२७०१००००००८००१ मा रकम जम्मा गरेको सक्कल बैक भौचर संलग्न राख्नु पर्नेछ ।

३. ठेक्का स्वीकृत भएको जानकारी गराएको मितिले ७ (सात) दिन भित्र ठेक्का अंक बराबरको जेथा जमानत दिई सम्झौता गरी चलन पूर्जी लिनु पर्नेछ । सो अनुसार नगरे जमानत वापतको रकम जफत गरिनेछ ।

४. बोलपत्र दाताको बोलपत्र साथ PAN (स्थायी लेखा नं.) तथा संघ संस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र सहित गत आ.व. सम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

५. बोलपत्र दाखिला गर्दा वार्षिक रुपमा बुझाउन चाहेको कुल रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको १२:०० बजेसम्म बोलपत्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएको बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाता वा प्रतिनिधिहरुको उपस्थित भएमा निजहरुको रोहवरमा सम्बन्धित कार्यालयमा खोलिने छ । प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

७. उक्त दिन विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुल्ने दिन कायम हुनेछ ।

८. पर्न आएको बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ ।

९. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा निम्न ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**गुठी संस्थान, शाखा कार्यालय महोत्तरी, फोन नं. ०४४५२००७४**

**website:www.guthisasthan.org.np**